गोकुलगंगा गाउँपालिका

एकिकृत तथा व्यवस्थित बसोबास सम्बन्धी कार्यविधि, २०७६

गोकुलगंगा गाउँपालिका
रस्नालु, रामेछाप
३ नं. प्रदेश नेपाल

एकिकृत तथा व्यवस्थित बसोबास व्यबस्थापन कार्यविधि, २०७६

गोकुलगंगा गाउँपालिका, रस्नालु, रामेछाप

स्वीकृत मिति :२०७६/०५/०५

प्रस्तावना :

नेपालको संविधानको भाग ४ धारा ५१ को खण्ड ङ मा निर्दिष्ट राज्यका कृषि र भूमिसुधार सम्वन्धी नीति, धारा ५७ (४) र (५) राज्यशक्तिको बाँडफाँट, धारा २१४ (२) र (३) स्थानीय तहको कार्यकारिणी अधिकार, धारा २२१ (१) र (२) स्थानीय तहको व्यवस्थापकीय अधिकार, धारा २२६ (१) कानून बनाउन सक्ने संवैधानिक अधिकार अन्तर्गत रही, खाद्य सुरक्षा, वातावरणीय तथा पर्यावरणीय सन्तुलन, भौतिक पूर्वाधार, जग्गाको खण्डीकरणको उचित व्यवस्थापन, ऐतिहाँसिक, साँस्कृतिक, धार्मिक तथा पुरातात्विक क्षेत्रको संरक्षण, स्वच्छ, सुन्दर सुरक्षित र व्यबस्थित वस्ती विकास, सरकारी र सार्वजनिक जमीन माथिको अतिक्रमणको न्यूनीकरण र स्थायी समाधान, अव्यवस्थित शहरीकरण तथा हाट बजारको उचित व्यवस्थापन सहित “व्यबस्थित बसोबास सहितको समृद्ध गोकुलगंगा” को वृहत अवधारणा राखी दीर्घकालीन लक्ष्य प्राप्ति गर्ने उद्देश्यले गोकुलगंगागाउँपालिका क्षेत्र भित्रको भूमि व्यवस्थापनका लागि आवश्यक कार्य गर्ने गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) को ‘छ‘ तथा धारा १०२ को अधिकार प्रयोग गरी गोकुलगंगा गाउँ कार्यपालिकाले योकार्यविधि बनाइ लागु गरेको छ ।

परिच्छेद-१

प्रारम्भिक

१ संक्षिप्त नाम विस्तार र प्रारम्भ :क) यस कार्यविधिको नाम “एकिकृत तथा व्यवस्थित बसोबास व्यबस्थापन कार्यविधि, २०७६” रहेको छ ।

ख) यो कार्यविधि गोकुलगंगा गाउँपालिका क्षेत्रभित्र लागू हुनेछ ।

ग) यो कार्यविधि कार्यपालिका बैठकबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशित भएको मितिबाट लागू हुनेछ ।

२. परिभाषा :विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) **“समिति”**भन्नाले यस कार्यविधिको बुँदा नं.३ बमोजिम गठित समिति सम्झनु पर्दछ ।

ख) **“सरकारी जग्गा”** भन्नाले सडक, बाटो, रेल्वे, सरकारी घर, भवन, कार्यालय, वन वुट्यान, जंगल, नदी, खोलानाला, नदी उकास, ताल, पोखरी, डिल, नहर, कुलो, ऐलानी, पर्ती, भिर, पहरा, डगर, वगर लगायत प्रचलित कानून बमोजिम तोकिएका सरकारी जग्गा सम्झनु पर्दछ ।

ग) **“सार्वजनिक जग्गा”** भन्नाले बाटो, कुवा, पानी पंधेरो, पानीघाट, पोखरी/डिल, खोला संरक्षणको लागि निर्माण गरिएको बाँध, निकास, गौचरण, घाट, चिहान, पाटीपौवा, देवल, धार्मिकस्थल, स्मारक, मठ, मन्दिर, चोक, डवली, ढल, चौतारो, हाट मेला लाग्ने ठाँउ, मनोरञ्जन खेलकुद गर्ने ठाउ भन्ने बुझ्नु पर्नेछ ।

घ) **“निजी जग्गा”** भन्नाले व्यक्तिको नाममा नाप जाँच भई, जग्गाधनि पुर्जा प्राप्त गरी भोगचलन गरीरहेको तथा नियमित मालपोत तिरी रहेको जग्गालाई बुझाउनेछ ।

ङ) **“सुकुम्वासी”** भन्नाले जीविकाको लागि कुनै ठोस विकल्प नभएको, आफ्नो वा आफ्नो अंशियारको स्वामित्वमा हुने गरी कुनै घर वा जग्गा जोड्न सक्ने कुनै साधन श्रोत नभएका, भूमिहीन तथा निःसहाय (कृषि मजदुर, कमैया, हली, हरुवा, चरुवा आदि) व्यक्ति र दैवी प्रकोपबाट घर जग्गा विहीन हुन पुगेका व्यक्ति एवम् निज प्रति आश्रित परिवारका सदस्य समेतलाई बुझाउनेछ।

च) **“अध्यक्ष”** भन्नाले यस कार्यविधि बमोजिम गठित समितिको अध्यक्षलाई बुझाउनेछ।

छ) **“सदस्य”** भन्नाले यस कार्यविधि बमोजिम गठित समितिका सम्पूर्ण सदस्य र सदस्य सचिव समेतलाई बुझाउनेछ ।

ज) **“कार्यालय”** भन्नाले समितिको कार्यालयलाई बुझाउनेछ।

झ) **“मापदण्ड”** भन्नाले समितिद्धारा निर्धारित मापदण्डलाई बुझाउनेछ।

ञ) **“सरोकारवाला”** भन्नाले एकाघर परिवारको कानूनी रुपमा छुट्टीई भिन्न नभएको व्यक्ति वा उक्त जग्गासँग कानूनी आधारले हकदावी गर्न सक्ने व्यक्तिलाई बुझाउनेछ।

ट) **“अतिक्रमित सडक/वस्ती”** भन्नाले जुनसुकै सडक वा राजमार्ग वा सडकका चोकहरुमा सडकको अधिकार क्षेत्र (राईट अफ वे) अतिक्रमण गरी घर, गोठ, टहरा वा छाप्रा बनाई आफुखुशी बसोबास गरेको बस्ती संझनु पर्नेछ।

ठ) **“अव्यवस्थित बसोबास”** भन्नाले गाउँपालिका क्षेत्रभित्रको कुनै पनि ठाउँमा आफू वा आफुप्रति आश्रित परिवारको नाममा घरजग्गा भएको वा नभएको व्यक्तिले सरकारी वा सार्वजनिक जग्गामा आफुखुशी बसोबास गर्नको निम्ती निर्माण गरेको वस्ती सम्झनु पर्नेछ।

ड) **“एकिकृत बस्ति”** भन्नाले गाउँपालिका क्षेत्र भित्रको कुनै पनि ठाँउमा सडक, बिजुली, पौडी पोखरी, खेलमैदान, पार्क, बसपार्क, सपिङ्ग सेन्टर, सञ्चार, बगैचा, व्यबस्थित ढल निकास, बिद्यालय, स्वास्थ्य संस्था, हेलिप्याड, खुला क्षेत्र, खानेपानी, मठमन्दिर, गुम्बा, देवालय, पर्यटन स्थल, डम्पिङ साईट, सार्वजनिक शौचालय, सडक बत्तिलगायतका आधारभुत सुविधा सहित एकै डिजाईनका घरहरु निर्माण भएको बस्तिलाई जनाउनेछ।

परिच्छेद २

समिति गठन सम्वन्धी व्यवस्था

३. एकिकृत तथा व्यबस्थित बसोबास व्यबस्थापन समितिको गठन :एकिकृत तथा व्यवस्थित बसोबास व्यबस्थापन सम्बन्धी काम गर्न तपशिलमा उल्लेख भए अनुसारको एक समितिको गठन हुनेछ।

(१) गाउँ कार्यपालिकाले तोकेको व्यक्ति **-अध्यक्ष**

(२) गाउँ कार्यपालिकाले तोकेको कम्तीमा १ जना महिला सहित ४ जना **-सदस्य**

(३) मालपोत कार्यालय प्रतिनिधि **-पदेन सदस्य**

(४) नापी कार्यालय प्रतिनिधि **-पदेन सदस्य**

(५) बस्ति बिकासका लागि छनौट भएको वडाको वडा अध्यक्ष**-पदेन सदस्य**

(६) गाउँपालिका अध्यक्षले तोकेको सम्बन्धित विभाग/शाखाको प्रमुख **-सदस्य -सचिव**

समितिले कुनै बिशेषज्ञको सेवा लिन आवश्यक ठानेमा आमन्त्रित सदस्यको रुपमा जुनसुकै व्यक्ति वा संस्थालाई आमन्त्रण गर्न सक्नेछ ।

४) समितिको काम, कर्तव्य र अधिकार :क) गाउँपालिका क्षेत्रभित्रको सरकारी एवं सार्वजनिक जग्गाको अभिलेख तयार गर्ने ।

ख) भू-उपयोग नीति, २०७२ अनुसार कृषि, आवासीय, व्यावसायिक, औद्योगिक, खानी तथा खनिज, साँस्कृतिक तथा पुरातात्विक, नदी तथा ताल तलैया, वन, सार्वजनिक उपयोग तथा खुल्ला, निर्माण सामाग्री उत्खनन् लगायतका क्षेत्र छनौट गरी गाउँपालिका क्षत्रेभित्रका जग्गा व्यवस्थापनका लागि गाउँ कार्यपालिकालाई सिफारिश गर्ने ।

ग) एकिकृत तथा व्यबस्थित बसोबास गर्ने जग्गाको छनौट तथा बस्तिको मोडल तयार गरी गाउँ कार्यपालिकालाई सिफारिस गर्ने ।

घ) एकिकृत तथा व्यबस्थित बसोबास निर्माणको लागि छनौट भएको जग्गाको लगत संकलन गरी कति जग्गा उपरोक्त क्षेत्र भित्र समाबेस गर्नु पर्ने हो सोको विवरण गाउँ कार्यपालिकामा पेश गर्ने ।

ङ) एकिकृत बस्ति निर्माण गरिने स्थानका निजी जग्गाको जग्गाधनीहरुको बैठक बसाली जग्गा अधिकरण तथा फिर्ताको मापदण्ड तयार गरी गाउँ कार्यपालिकालाई सिफारिस गर्ने ।

च)एकिकृत बस्ति निर्माण गरिने क्षेत्र भित्रको कम्तिमा ५१ प्रतिशत जग्गाधनी वा मोहीहरुको सहमति रहेमा सो ठाउँमा रहेका जग्गाका बिभिन्न कित्ताहरुलाई एकिकरण गरी सो जग्गामा वस्ति विकास योजना अनुरुप सेवा सुविधाको व्यबस्थ ागर्ने र त्यस्तो सेवा सुविधाको व्यबस्था गर्दा लागेको खर्च बिकसित घडेरीहरु बेचि असुल उपर गर्ने र बाँकी रहेका बिकसित घडेरीहरु साविककै जग्गाधनी र मोहिहरुलाई समानुपातिक आधारमा फिर्ता दिने व्यबस्था गरी जग्गा एकिकरण (ल्याण्ड पुलिङ) कार्यक्रम सञ्चालन गर्ने ।

छ) एकिकृत बस्ति विकास योजना तर्जुमा सम्बन्धि कामको लागि समितिले समय समयमा स्पष्टरुपले सार्बजनिक रुपमा सुचना प्रकाशन गरी दुईबर्षको अबधि ननाघ्ने गरी सोही सुचनामा तोकिएको अबधि भरुको लागि एकिकृत बस्ति विकास योजना क्षेत्रभित्र पर्ने जुनसुकै प्रकारको अचल सम्पत्ति समितिको पुर्व स्विकृति विना टुक्रयाउन वा कुनै प्रकारले भौतिक परिवर्तन गर्न नपाउने गरी रोक लगाउन सक्नेछ ।

ज) उपदफा (छ) बमोजिम रोक लगाएको कुराको सुचना समितिले रजिष्ट्रेशन गर्ने सम्बन्धित कार्यलयमा पठाउनु पर्नेछ । यसरी सुचना प्राप्त भएपछि रजिष्ट्रेशन गर्ने कार्यालयले त्यस्तो अचल सम्पत्ति टुक्रयाउन हुदैन ।

झ) समितिले यसरी समय समयमा स्पष्ट रुपले सार्बजनिक सुचना प्रकासन गरी एकिकृत बस्ति बिकास योजना निर्माण भई लागु भएको क्षेत्रमा अचल समपत्तिको उपभोग र प्रयोग, नयाँ भवन निर्माण, विस्तार तथा वातावरण प्रतिकुल हुने खालका कार्यहरुलाई नियन्त्रण वा निषेध गर्न सक्नेछ ।

ञ)एकिकृत बस्ति बिकास योजना कार्यान्वयन गर्ने क्षेत्र भित्रको कुनै अचल सम्पत्तिको तथ्याङ्क लिन वा सर्भे गर्नका लागि कुनै घर वा जग्गामा प्रवेश गर्न वा सम्बन्धित व्यक्तिलाई बुझ्न समिति वा समितिले खटाएको व्यक्तिलाई पूर्ण अधिकार हुनेछ ।

ट) सार्वजनिक महत्वका परम्परागत रुपमा, धर्म, जातजातिले मानी आएका धार्मिक संस्था, मठ मन्दिर, गुठी, चर्च, गुम्वा, मस्जिद, ट्रष्ट आदिलाई उक्त संस्थाको नाममा परम्परादेखि भोगचलनमा रहेका जग्गाको हकमा निश्चित मापदण्ड तोकी जग्गा धनि प्रमाण पूर्जा दिने ।

ठ) यस अघि सरकारबाट गठित विभिन्न समिति, नापी टोली, विशेष नापीले भोगचलनको आधारमा दिएका श्रेस्ता पूर्जा, फिल्ड र नक्सासँग मेल खाए नखाएको एकीन गरी कार्यान्वयनको लागि सिफारिश गर्ने ।

ड)परापूर्वकाल देखि हालसम्म अस्तित्वमा रहेका नदी, नाला, खोला, खोल्सी, कुलो, पैनी आसपासमा रहेको कुनै निकायबाट स्वीकृति लिई वा नलिई निर्माण भएका संरचनाले ओगटेको जग्गाको पानीको बहावलाई असर पुऱ्याएको हदसम्म उक्त जग्गाको पूर्जा वितरण नगर्ने ।

ढ) उपदफा (च) मा उल्लेख भए बमोजिम जग्गा एकिकरण कार्यक्रम सञ्चालन गर्ने भएमा समितिले स्थानीय जग्गाधनी वा मोहीहरुको सहभागिता जुटाउन उपभोक्ताहरु मध्येबाट उपभोक्ता समिति गठन गर्नेछ र उपभोक्ता समिति गठन गर्नेछ र उपभोक्ता समितिको सहयोगमा जग्गा एकिकरण कार्यक्रम सञ्चालन गर्नेछ ।

ण) जग्गा एकिकरण कार्यक्रम सञ्चालन गर्दा समितिले उपभोक्ता समितिको सल्लाहा बमोजिम दफा २ को उपदफा (ड) बमोजिमको सेवा सुबिधा उपलब्ध गराउन त्यस भागमा रहेका जग्गाको प्रचलित मोल र साबिकको बाटो लगायतका अन्य सुविधा समेतको आधारमा कुन जग्गाधनी वा मोहिको के कति क्षेत्रफल छुट्टयाउनु पर्ने हो, सो एकिन गरी जग्गा छुट्टयाउने छ ।

परिच्छेद ३

कार्यविधि/कार्यप्रणाली

५. कार्यविधि : क) गाउँपालिका क्षेत्रको समग्र जग्गा जमीनको वडागत विवरण अनुसूची-१ बमोजिमको ढाँचामा तयार गर्ने ।

ख) गाउँपालिका क्षेत्र भित्रको सरकारी, सार्वजनिक जमीनको पहिचान गरी त्यस्ता जमिनमा व्यक्ति विशेषले घरवास बनाई परापूर्वकाल देखि भोगचलन गरी दर्ता नभएको जमीनको पहिचान गरी छुट्टै मापदण्ड तयार गरी धनी पूर्जा वितरणका लागि छुट्टै प्रक्रिया अवलम्बन गर्न सकिने छ ।

ग) एकिकृत तथा व्यबस्थित बसोबासको लागि छनौट गरिएको जग्गा अधिकरणको लागि १५ दिनको म्याद दिई सुचना जारी गरिने छ ।

घ) सार्वजनिक सूचना जारी गरी धार्मिक संघसंस्थाले भोगचलन गरिरहेका तर हाल सम्म पूर्जा प्राप्त नभएका जग्गाको विवरण तयार गर्ने ।

ङ) यसअघि सरकारबाट गठित विभिन्न समिति, नापी टोलीले भोगचलनको आधारमा दिएका श्रेस्ता पूर्जा हालसम्म कार्यान्वयन नभएका भए कार्यान्वयनको सिफारिशका लागि आवेदन गर्न ३५ दिने सूचना जारी गर्ने र निश्चित मापदण्ड बनाई सिफारिश गर्ने । तर, सरकारी वा सार्वजनिक जग्गा हो भनि प्रमाणित भए स्वतः बदर हुनेछ ।

च) एकिकृत बस्ति बिकासको लागि छुट्टयाईएको जग्गामा विकसित गरिएका घडेरीहरु साबिकका जग्गाधनी वा मोहीहरुलाई फिर्ता दिने प्रयोजनको लागि सो भागमा पर्ने सम्पूर्ण कित्ताका जग्गालाई एउटै कित्तामा परिणत गरी जग्गा एकिकरण कार्यक्रमलाई अन्तिम रुप दिनका लागि दफा ३ को उपदफा (च) को अधिनमा रही बढीमा १ बर्षको लागि सो भागमा पर्ने कुनै अचल सम्पत्ति कुनै पनि व्यहोराले हक हस्तान्तरण गर्न नपाउने गरी रोक लगाउन रजिष्ट्रेशन गर्ने सम्बन्धित कार्यालयमा लेखि पठाउनु पर्नेछ । त्यस्तो सुचना प्राप्त भएपछि रजिष्ट्रेशन गर्ने कार्यालयले हक हस्तान्तरण गर्नु गराउनु हुदैन ।

छ) एकिकृत बस्ति बिकासको योजना लागु भएको जग्गाको हक हस्तान्तरण गर्न रोक लगाईसकेपछि समितिले सोहि उपदफामा उल्लेख गरिएको म्यादभित्र साविकका जग्गाधनी वा मोहीलाई अस्थायि निस्सा सहित विकसित घडेरहिरु फिर्ता गर्नेछ ।

ज) उपदफा (छ) बमोजिम सम्बन्धित जग्गाधनी वा मोहिलाई अस्थायि निस्सासहित विकसित घडेरी फिर्ता गरसिकेपछि समितिले सो निस्सा अनुसार नक्सामा मिलान गर्न तथा सो अनुरुप जग्गाधनी दर्ता श्रेस्ता खडा गर्न र जग्गाधनी दर्ता प्रमाणपुर्जा तयार गरी वितरण गर्न सम्बन्धित नापी शाखा र मालपोत कार्यालयमा लेखि पठाउनु पर्नेछ र सम्बन्धित नापी शाखा र मालपोत कार्यलयले पनि सो अनुरुप नक्सा मिलान गर्ने, जग्गाधनी श्रेस्ता खडा गर्ने र जग्गाधनी दर्ता प्रमाणपुर्जा तयार गरी सम्बन्धित जग्गाधनी वा मोहीलाई वितरण गर्नुपर्नेछ ।

झ)कुनैपनि जग्गा जमीनको वितरण गर्दा संघ, प्रदेशले बनाएको कानून अन्तर्गत रही आवश्यक मापदण्ड तयार गरी लागू गरिनेछ । साथै, साविक सरकारी जनिएका हाल सरकारी सार्वजनिक प्रयोग नभएका घरवास भएका तथा विगतदेखि निरन्तर रुपमा भोग भएका सन्धी/सर्पन पर्ने जग्गाहरु आवश्यक निर्णय गरी पूर्जा वितरण गर्न वाधा पर्नेछैन ।

ञ) यस कार्यविधिमा उल्लेख नभएका विषयमा समितिको बैठकबाट प्रचलित कानुनको अधिनमा रही आवश्यक मापदण्ड तोकी गाउँ कार्यपालिकाबाट अनुमोदन गराई बैकल्पीक रुपमा व्यवस्थित गरिने छ ।

ट) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएतापनि उपदफा (ज) बमोजिम नक्सा मिलान भई नयाँ जग्गाधनी दर्ता श्रेस्ता र जग्गाधनी प्रमाणपुर्जा तयार भईसकेपछि जग्गा एकिकरण कार्यक्रम सञ्चालन भएको भागको साविकको नक्सा र सो भागमा रहेको जग्गाधनी वा मोहीको साबिकको सबै लगत श्रेस्ता स्वतः बदर भएको मानिनेछ ।

६. बैठकको कार्यप्रणाली : क) समितिको बैठक अध्यक्षको निर्देशनमा सदस्य-सचिवले

बोलाउने छ ।

ख) समितिको बैठक कम्तीमा महिनाको १ पटक र आवश्यकता अनुसार एकपटक भन्दा बढी पनि बस्न सक्नेछ ।

ग) समितिको निर्णय बहुमतबाट पारित हुनेछ ।

घ) निर्णय प्रमाणित गर्ने अधिकार अध्यक्षमा निहित रहनेछ ।

ङ) समितिको निर्णय प्रमाणित भएपछि लागू हुनेछ ।

परिच्छेद ४

हक हस्तान्तरण तथा पूर्जा वितरण

७. जग्गाधनी प्रामण पुर्जा वितरणमा बन्देज : देहाएको अबस्थामा कुनै पनि व्यक्ति वा संघ संस्थालाई जग्गाधनी प्रमाण पुर्जा वितरण गरिने छैन :

क) राष्ट्रिय राजमार्ग, राजमार्ग र सहायक राजमार्ग वा सोको मापदण्ड भित्र परेको जमीन,

ख) सार्वजनिक पोखरी, खेल मैदान, बसपार्कले चर्चेको जमीन, विद्यालय, स्वास्थ्य संस्था, हेलिप्याड, मन्दिर

ड) पानी बग्दै रहेको पैनी/खोला, खोल्सी, ढल

च) कुवा, पानी-पँधेरो, पानीघाट, घाट, चिहान, चौतारो, हाट, मेला लाग्ने ठाउँ,

छ) प्रचलित कानूनले बन्देज गरेका जग्गाजमीनहरु ।

८. जग्गाधनी प्रमाण पुर्जा दिन बाधा नर्पने जग्गाहरु :

क) पुरानो अभिलेखमा पैनी पुलेसा उल्लेख भएको तर हाल चालू अवस्थामा नरहेको ।

ख) पुरानो अभिलेखमा सार्वजनिक बाटो उल्लेख भएको तर हाल चालू नरहेको र आवश्यक नठहरेको, चालू हुन सक्ने अवस्थाको पनि नरहेको ।

ग) नम्वरी जग्गा भएको कुनैपनि व्यक्तिलाई यस कार्यविधि बमोजिम घर बसोबास गरेको आधारमा धनी पूर्जा दिइनेछैन । तर, नम्वरी जग्गा भएकोले ऐलानी जमीनमा घर, गोठ, गोदाम, पसल, बगैंचा लगाई भोगचलन गरिरहेको अवस्थामा भने बजारक्षत्रे र अन्तर्गत नम्बरीवाला र सुकुम्बासीलाई गाउँ कार्यपालिका बैठकले निर्णय गरेको खण्डमा धनिपूर्जा दिन बाधा पर्नेछैन ।

घ) गाउँपालिकाको ग्रामीण क्षेत्रमा बसोबास गरी आएको नम्बरीवाला जग्गाधनीले परापूर्वकालदेखि निरन्तर भोगचलन गरिरहेको ऐलानी जग्गाको प्रमाणपूर्जा वितरण र सुकुम्बासीलाई वितरण गरिने जग्गाधनी प्रमाणपूर्जा सम्बन्धमा गाउँ कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ ।

ङ) एकिकृत बस्ति निर्माणको लागि अधिकरण गरिएको जग्गाबाट यस कार्यबिधिको दफा ७ मा उल्लेख गरिएको जमिन छुट्टयाई बाँकी रहेको जमिन सम्बन्धित जग्गाधनिलाई हस्तान्तरण गर्न कुनै बाधा पर्ने छैन ।

९. जग्गाधनी प्रमाणपुर्जा प्राप्त गर्न पेश गर्नुपर्ने कागजातहरु :जग्गाधनी प्रमाण पूर्जा प्राप्त गर्न देहाय बमोजिमका कागजातहरु पेश गर्नुपर्नेछ ।

क) सरोकारवालाको माग निवेदन,

ख) नागरिकताको प्रमाण-पत्र,

ग) जग्गा एकिकरण गर्दा प्राप्त अस्थायि निस्सा

घ) मृत्युदर्ता/नाता प्रमाणित प्रमाण-पत्र,

ङ) पारिवारिक विवरण फाराम,

च) पानी, बत्ती, टेलिफोन आदिको प्रमाण,

छ) वडा कार्यालयको सिफारिश,

ज) स्थलगत सर्जमिन मुचुल्का,

झ) तिरो तिरेको रसिद,

ञ) श्रेस्ता, पूर्जा, लिखत, निर्णय फैसला पूर्जी आदी

परिच्छेद ५

शुल्क तथा दस्तुर तथा कोष सम्बन्धि व्यबस्था

१०. शुल्क तथा दस्तुर सम्बन्धमा देहाय बमोजिम हुनेछ :क) समिति समक्ष पेश गर्ने जुनसुकै निवेदनहरुमा लाग्ने दस्तुर गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

ख) समितिको निर्णयानुसार भोगचलनको आधारमा पूर्जा प्राप्त गर्ने नम्वरीवाला जग्गाधनीलाई सो जग्गाको प्रतिइकाई (रोपनी/आना/वर्गमीटर) न्यूनतम मुल्याङ्कन पुस्तिकामा उल्लेख भएको सरकारी मुल्याङ्कनलाई थैली कायम गरी गाउँ कार्यपालिकाले निर्धारण गरे बमोजिम राजश्व लाग्नेछ ।

ग) यसअघि गठित विभिन्न समिति, नापीटोलीले भोगचलनको आधारमा दिएका तर कार्यान्वयन नभएका श्रेस्ता पूर्जा कार्यान्वयन गर्न सिफारिश गर्दा सुकुम्वासीको हकमा प्रतिपूर्जा र नम्वरीवालालाई सो जग्गाको प्रतिइकाई (रोपनी/आना/वर्गमीटर) न्यूनतम मुल्याङ्कन पुस्तिकामा उल्लेख भएको सरकारी मुल्याङ्कनलाई थैली कायम गरी गाउँ कार्यपालिकाले निर्धारण गरे बमोजिमको दस्तुर लिई कार्यान्वयनको लागि सिफारिश गरिनेछ ।

११. समितिको कोष : समितिको एउटा छुट्टै कोष हुनेछ । सो कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन् ।

क) नेपाल सरकारबाट प्राप्त अनुदान

ख) नेपाल सरकार मार्फत कुनै अन्तराष्ट्रिय वा विदेशी संस्थाबाट प्राप्त रकम,

ग) समितिको चल अचल सम्पत्तिको बेचबिखनबाट प्राप्त रकम,

घ) प्रदेश सरकार वा स्थानीय सरुकारबाट प्राप्त अनुदान

१२. खाता सञ्चालन सम्बन्धि व्यबस्था : क) समितिको खाता गोकुलगंगा गाउँपालिकामा अबस्थित सिद्धार्थ बैक लि. खोलिनेछ ।

ख) समितिको खाता सञ्चालन गोकुलगंगा गाउँपालिकाको प्रमुख प्रसासकिय अधिकृत र लेखाको कर्मचारीको सयुक्त दस्तखतबाट सञ्चालन गरीनेछ । माथि उल्लेखित ब्यक्तिहरु नभएको अबस्थामा कार्यपालिकाले तोके बमोजिम खाता सञ्चालन गर्न बाधा पर्ने छैन ।

परिच्छेद ६

विविध

११. रेकर्ड बुझाउनु पर्ने :समितिले बर्षभरी आफूले सम्पादन गरेको कामको सार्वजनिक सुनुवाई गरी सो को प्रतिवेदन प्रत्येक वर्ष गाउँ कार्यपालिकामा पेश गर्नुपर्नेछ । समितिबाट यसरी प्राप्त प्रतिवेदन गाउँ कार्यपालिकाले जिल्ला समन्वय समिति, प्रदेश सरकार र संघीय सरकारमा पठाउनु पर्नेछ ।

१२. सयुक्त बैठक : भूमि ब्यवस्थापन र धनीपूर्जा वितरणमा कुनै समस्या आएमा समिति र गाउँ कार्यपालिकाको संयुक्त बैठक बसी गरेको निर्णयलाइ अन्तिम मानिने छ ।

१३. जग्गाधनि प्रमाण पुर्जा बदर हुने :देहायको अवस्थामा समितिले दिएको धनी प्रमाण पूर्जा गाउँ कार्यपालिकाले बदर गर्न सक्नेछ ।

क) धनी प्रमाण पूर्जा दिन बन्देज गरिएको क्षेत्रको पूर्जा वितरण भएको प्रमाणित भएमा,

ख) सुकुम्वासीको नाममा दिइएको पूर्जा निज सुकुम्वासी नठहरेमा वा अन्य नगर, गाउँपालिकामा समेत सुकुम्वासीको नामबाट पूर्जा लिएको पाइएमा,

ग) एउटाले हकभोग गरेको जमीनको पूर्जा अर्के व्यक्तिको नाममा बितरण भएको पाइएमा ।

दष्ट्रव्य : यो समिति गठन हुनुपूर्व भएको माथिका कुनै पनि अवस्थामा उक्त उपदफा (क), (ख) र (ग) लागू हुने छैन ।

१४. बेचबिखन गर्न प्रतिबन्ध :क) सुकुम्वासीको नाममा दिएको जग्गा कम्तीमा २५ बर्ष हक हस्तान्तरण गर्न पाइने छैन । तर यस्तो जमीन बित्तीय संस्थामा धितो राखी ऋण लिन र नामसारी गर्न बन्देज गरिने छैन ।

ख) संस्थाको नाममा दर्ता कायम भएको जमीन कुनै पनि अवस्थामा बेचबिखन हुनेछैन तर संस्था खारेज अथवा विघटन भएमा सो जमीन गाउँपालिकाको स्वामित्वमा आउनेछ ।

१५. अनुगमन र निर्देशन :समितिका समग्र कामको अनुगमन तथा मुल्याङ्कन गर्न देहाय बमोजिमको अनुगमन समिति रहनेछः

क) गाउँपालिका अध्यक्ष -संयोजक

ख) उपाध्यक्ष -सह-संयोजक

ग) कार्यपालिका सदस्यहरु मध्येबाट गाउँ कार्यपालिकाले

तोकेको कम्तीमा १ जना महिला सहित २ जना -सदस्य

घ) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

१६. अनुगमन समितिको काम, कर्तव्य र अधिकार :क) समितिलाई आवश्यक सल्लाह, सुझाव तथा निर्देशन दिने,

ख) समितिलाई काम गर्नका लागि अनुकुल बातावरण बनाई दिने,

ग) समस्या समाधानका लागि आवश्यक पहल गर्ने,

घ) समितिको कामलाई सहजीकरण गर्ने,

ङ) समितिको अधिकार क्षेत्रको कामको मुल्याङ्कन गर्ने,

च) गाउँ कार्यपालिकामा प्रतिवेदन पेश गर्ने,

छ) समितिले गरेका निर्णय विरुद्धमा परेका निवेदन उपर टुङ्गो लगाउने,

ज) अन्य निकाय/संघ /प्रदेश र समिति बीच समन्वय गर्ने ।

१७. प्रत्येक चौमासिकमा गाउँ कार्यपालिका समक्ष प्रतिवेदन बुझाउने समितिको कर्तब्य हुनेछ । उक्त प्रतिवेदन गाउँपालिका अध्यक्ष मार्फत कार्यपालिका बैठकमा पेश हुनेछ ।

१८. समितिको जवाफदेहिता : गाउँपालिका अध्यक्ष तथा गाउँ कार्यपालिका प्रति रहनेछ ।

१९. राजिनामा सम्बन्धि व्यबस्था :समितिको अध्यक्षले गाउँपालिका अध्यक्ष समक्ष तथा सदस्यहरुले गाउँपालिका अध्यक्षको रोहवरमा समितिको अध्यक्ष समक्ष पद तथा गोपनियताको शपथ लिनुपर्नेछ । पदेन सदस्यले सपथ लिनुपर्ने छैन ।

२० समितिका पदाधिकारी तथा सदस्यहरुको सेवा सुविधा :क) समितिका अध्यक्षलाई पूर्णकालीन मानी निजको सेवा सुविधा गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ।

ख) अन्य पदाधिकारीहरुलाई गाउँ कार्यपालिकाले तोकेबमोजिम बैठक भत्ता दिइनेछ।

ग) समितिको कार्यालय छुट्टै स्थापना गरी साधन स्रोत उपलब्ध गराईनेछ।

२१. समितिको कार्य अवधि :क) समितिको कार्यअवधि कार्यपालिकाले तोके बमोजिम हुनेछ।

ख) कुनै कारणले काम सम्पन्न हुन बाँकी रहेमा गाउँ कार्यपालिकाले समितिको कार्य अवधि थप गर्न सक्नेछ।

ग) समितिको कार्य सम्पन्न भएपछि स्वतः विघटन हुनेछ।

२२. यस कार्यविधि अन्तर्गत वितरण गर्ने जग्गाधनी प्रमाण पूर्जा प्राप्त गर्नका लागि सुकुम्वासी घर परिवारले पेश गर्ने निवेदन दस्तुर रु.५००।-(पाँचसय) लाग्ने छ भने अधिकरणमा परेका जग्गाधनिको हकमा कुनै पनि शुल्क लाग्ने छैन।

२३. दण्ड, सजाय र जरिवाना :क) कसैले झुठा विवरण पेश गरी जग्गाधनी पूर्जा प्राप्त गरेको पाइएमा त्यस्तो पूर्जा, श्रेस्ता, नक्सा, फिल्डबुक बदर गरी झुठा विबरण पेश गर्नेलाई रु.१५,०००।- (पन्ध्रहजार) सम्म जरिवाना गरिनेछ।

ख) कोही कसैले दावी विरोध पेश गरेकोमा उक्त दावी विरोध उपर छानविन गर्दा झुठा ढंगले पेश गरेको ठहरी सम्वन्धित पक्षलाई क्षति पुग्न गएमा उक्त दावीकर्ता लाई रु.१०,०००।- (दशहजार) सम्म जरिवाना गरिनेछ।

ग) कोही कसैले पूर्जा दिलाइ दिन्छु भनी दुषित मनसायबाट प्रलोभनमा पारी अनुचित फाइदा लिएको प्रमाणित भएमा विगो र विगो वमोजिम जरिवाना गरिनेछ।

घ) माथि उल्लेखित विगो/जरिवाना सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

२४. छाप र लोगो : समितिको छाप र लोगो अनुसुची-४ बमोजिम हुनेछ।

अनुसूची-१

(परिच्छेद ३ को बुँदा ५सँग सम्बन्धित)

(क) सरकारी जग्गाको विवरण

जिल्ला	गा.पा.	वडा नं.	कित्ता नं.	क्षेत्रफल	विवरण/किसिम	चरकिल्ला				दर्ता		नक्सा		नदि उकास	अन्य
						पूर्व	पश्चिम	उत्तर	दक्षिण	भएको	नभएको	भएको	नभएको		

(ख) सार्वजनिक जग्गाको विवरण

जिल्ला	गा.पा.	वडा नं.	कित्ता नं.	क्षेत्रफल	विवरण/किसिम	चरकिल्ला				दर्ता		नक्सा		नदि उकास	अन्य
						पूर्व	पश्चिम	उत्तर	दक्षिण	भएको	नभएको	भएको	नभएको		

(ख) निजी जग्गाको विवरण

जिल्ला	गा.पा.	वडा नं.	कित्ता नं.	क्षेत्रफल	विवरण/किसिम	चरकिल्ला				दर्ता		नक्सा		नदि उकास	अन्य
						पूर्व	पश्चिम	उत्तर	दक्षिण	भएको	नभएको	भएको	नभएको		

अनुसुची-२

गोकुलगंगा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

एकिकृत तथा व्यवस्थित बसोबास व्यवस्थापन समिति

कार्यविधिको परिच्छेद-२ अन्तर्गत बुँदा नं. ३ मा उल्लेखित समिति समक्ष जग्गा धनी प्रमाण पूर्जा प्राप्त गर्नका लागि साविक जग्गाधनी, मोही वा सुकुम्वासी घर परिवारले पेश गर्ने निवेदन फाराम

१) विवरण : नाम/थर :.................................. ठेगाना :.............................
पति/पत्नीको नाम : .... बाबुको नाम :.....................आमाको नाम :....

बाजेको नाम : .... बजैको नाम : ....

दाजु भाई भए निजहरुको नाम :................

स्थायी ठेगानाः

प्रदेश :.................. जिल्ला ....

गा.पा/न.पा .... वडा नं. ....

अस्थाई ठेगाना :

प्रदेश :.................. जिल्ला ....

गा.पा/न.पा .... वडा नं. ....

२) भोगचलन गरेको जग्गाको विवरणः

क) बडा नं................. ख) नक्सा नं..........................

ग) कित्ता नं.................... घ) क्षेत्रफल ....

३)सम्वन्धित जग्गा कहिले देखि भोगचलन गरी बसेको हो ?
.... ।

४) के आधारमा बसोबास वा भोगचलन गरेको हो ?

.... ।

५) आफ्नो वा परिवारको सदस्यको नाममा अन्यत्र के कति जग्गा छ ?

.... ।

६) परिवार सख्याः

क) १६ वर्ष मुनिका .... ख) ५० वर्ष माथिका .... ग) पेशा ....

७) सुकुम्वासी हुनुको कारण के हो ?

क) नदी/खोलाबाट विस्थापित भएको ख) पहिरो/भू-कम्पबाट विस्थापित भएको

ग) पैत्रिक सम्पत्ति नै नभएको घ) पैत्रिक सम्पत्ति सकिएको ङ) अन्य कुनै कारण भए

८) हाल भोगचलनमा रहेको जमीनको अवस्थाः

क) खाली ख) घरटहरा भएको ग) बारी/बगैचा भएको घ) खेतीपाती गरी रहेको

९) हाल बसीरहेको अवस्थाः

क) आफ्नो घरमा ख) डेरामा ग) आफन्तकोमा शरण लिएर

१०) उक्त जमीनमा के गरेर बसेको हो ?

क) किनेर ख) फडाँनी गरेर ग) परापूर्वकाल देखी घ) विस्थापित भई आश्रय लिएर बस्न शुरु गरेको

द्रष्टव्यः मैले माथि पेश गरेको सम्पूर्ण विवरण ठीक साँचो हो, छानविन बाट झुठा ठहर भएमा समिति को जुनसुकै निर्णय अनुसार सहन बुझाउन मन्जुर छु भनि यो निवेदन पेश गर्दछु ।

विवरण पेश गर्नेकोः

नाम/थर :	मिति :
ठेगाना :	ना.प्र.नं. :
जारी मिति :	जिल्ला :

अनुसुची-३

गोकुलगंगा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

एकिकृत तथा व्यवस्थित बसोबास व्यवस्थापन समिति

कार्यविधिको परिच्छेद-२ अन्तर्गत बुँदा नं. ३ मा उल्लेखित समिति समक्ष ब्यवस्थित बसोबास सुबिधा प्राप्त गर्नका लागि पेश गर्ने निवेदन फाराम

१) अव्यवस्थित बसोबास गर्नेको विवरण :

नाम,थरः.. ठेगाना :............................

पति/पत्नीको नामः ....बाबुको नामः..................आमाको नामः

स्थायी ठेगाना :

प्रदेश :..................   जिल्ला ....

गा.पा/न.पा .... वडा नं. ....

अस्थाई ठेगाना :

प्रदेश :..................   जिल्लाः ....

गा.पा/न.पाः .... वडा नं.: ....

२) भोगचलन गरेको जग्गा रहेको :

(क) वडा नं...........ख) नक्सा नं..................ग) कित्ता नं...................घ) क्षेत्रफल ....

३) सम्वन्धित जग्गामा कहिले देखि भोगचलन गरी बसेको हो ?

.... ।

४) के आधारमा बसोबास वा भोगचलन गरेको हो ?

.... ।

५) आफ्नो वा परिवारको सदस्यको नाममा अन्यत्र के कति जग्गा छ ?

.... ।

६) परिवार सख्या :

क) १६ वर्ष मुनिका ....   ख) ५० वर्ष माथिका .... ग) पेशा ....

७) उक्त जग्गा भोगचलनमा आउनुको कारण के हो ?

क) नदी/खोलाको उकास भएर ख) साविकको बाटो प्रयोग विहीन भएर ग) सान्धि सर्पन परेर
घ) परापूर्वकाल देखि नै भोगचलन भएर

८) हाल भोगचलनमा रहेको जमीनको अवस्था ?

क) खाली ख) घर टहरा भएको ग) बारी बगैचा भएको घ) खेतीपाती गरी रहेको
९) हाल बसी रहेको अवस्था ?

क) आफ्नो घरमा ख) डेरामा ग) आफन्तकोमा शरण लिएर

१०) उक्त जमीनमा के गरेर बसेको हो ?

क) किनेर ख) फडानि गरेर ग) परापुर्बकाल देखी घ) वंशजको आधारमा अंश लिएर

११) हालसम्म उक्त जग्गा को पूर्जा प्राप्त नहुनुको कारण ?

क) नक्सामा नपरेर ख) साविकको सरकारी जमीन भएर ग) हदबन्दीमा परेर घ) बिबाद भएर

द्रष्टव्यः मैले माथि पेश गरेको सम्पूर्ण विवरण ठीक साँचो हो, छानविनबाट झुठा ठहर भएमा समितिको जुनसुकै निर्णय अनुसार सहन बुझाउन मन्जुर छु भनि यो निवेदन पेश गर्दछु ।

विवरण पेश गर्नेको:

नाम/ थर : मिति :

ठेगाना : ना.प्र.नं. :

जारी मिति : जिल्ला :

अनुसुची-४

गोकुलगंगा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

एकिकृत तथा व्यवस्थित बसोबास व्यवस्थापन समिति

यस कार्यविधिको परिच्छेद ६, दफा २४ मा उल्लेख भएको समितिको छाप देहाय बमोजिम हुनेछ । समितिको छाप गोलाकार आकृतिको हुनेछ । जसको वाहिरी गोलाकार घेरामा एकिकृत तथा व्यबस्थित बसोबास व्यबस्थापन समिति गोकुलगंगा गाउँपालिका उल्लेख गरिएको हुनेछ भने बिचको भागमा घरको चिन्हको तलतिर रस्नालु र स्थापना भएको साल उल्लेख गरिएको हुनेछ ।